**बैठक संख्या : ७७**

आज मिति २०७७/११/१९ गते १ बजे कपिलवस्तु नगरपालिकाका नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष ५ | |
| ८ | श्री रामदिनेश यादव | वडा अध्यक्ष ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | महिला सदस्य | |
| १६ | श्री सबिता धिमिरे | महिला सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | महिला सदस्य | |
| १८ | श्री उर्मिला कोरी | महिला सदस्य | |
| १९ | श्री पुष्पा थारु | महिला सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | दलित अल्पसंख्यक | |
| २१ | श्री सिताराम धोवी | दलित अल्पसंख्यक | |
| २२ | श्री रामधनी बढई | दलित अल्पसंख्यक | |
| २३ | श्री शेषकान्त पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| २४ | श्री शिवेन्द्र कुमार पासी | सूचना प्रबिधि अधिकृत | |
| २५ | श्री तुलसा अर्याल | सहायक पाँचौ | |

२६. श्री बुद्धेन्द्रराज लम्साल सामाजिक सल्लाहकार

**बैठकका एजेन्डाहरु :**

१. जर्लैया खोलाको ठेक्का सम्बन्धमा ।
२. बैदेशिक रोजगार सम्बन्धि पार्श्वचित्र २०७७ स्वीकृत गर्ने सम्बन्धमा ।
३. कार्यविधि पारित गर्ने सम्बन्धमा ।
४. नगर प्रमुखको बैदेशिक भ्रमणमा लाग्ने खर्च सम्बन्धमा ।
५. राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम सम्बन्धमा ।
६. क.व.न.पा. ३ को योजना संशोधन सम्बन्धमा ।
७. क.व.न.पा. को गेष्ट हाउस सटर भाडामा दिने सम्बन्धमा ।
८. क.व.न.पा. ८ को योजना संशोधन सम्बन्धमा ।
९. राष्ट्रिय/अन्तर्राट्रिय समन्वय कार्य व्यवस्थापन शाखा प्रमख/सम्पर्क व्यक्ति तोक्ने सम्बन्धमा ।
१०. उपभोक्ता समितिलाई रकम भुक्तानी गर्ने सम्बन्धमा ।
११. अन्य विविध समसामायिक विषय ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा जर्लैया नाकाको ठेकेदार बिल्ड कम कन्सट्रक्सन एण्ड रियल स्टेट प्रा.लि. शिवराज ५, कपिलवस्तुले सम्झौता गर्न नआएको हुँदा निजको धरौटी जफत गर्ने र २ बर्ष कालो सूचीमा राख्न लेखि पठाउने साथै जर्लैया खोलाको पहिलो हुने ठेकेदार सम्झौता गर्न नआएको हुँदा दोस्रो बढी कबोल गर्ने श्री प्रिन्स निर्माण सेवा मधुवनी गा.वि.स. ८ महिलवार, रुपन्देहीलाई सम्झौताको लागि प्रक्रिया अघि बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

कपिलवस्तु नगरपालिकाको बैदेशिक रोजगार सम्बन्धि पार्श्वचित्र २०७७ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस कपिलवस्तु नगरपालिकाको लागि तपसिलका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

क) कपिलवस्तु नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७

ख) कपिलवस्तु नगरपालिकाको राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय कार्य व्यवस्थापन तथा संचालन कार्यविधि, २०७७

**निर्णय नं. ४**

स्पेनको एक्स्त्रेमादुरा प्रदेशको Caceres City Council, एकस्त्रेमादुरा प्रदेश र लुम्बिनी गार्डेन फाउनडेसनको निमन्त्रणामा मिति २०७७/१२/२१ देखि २०७७/१२/३० सम्म राष्ट्रिय सभाका सम्माननिय अध्यक्ष ज्यूको नेतृत्वमा स्पेनमा हुने उच्च स्तरीय भ्रमण एवम् सो भ्रमणमा हुने विभिन्न कार्यक्रममा सहभागिताको लागि यस कपिलवस्तु नगरपालिकाका नगर प्रमुख श्री किरण सिंह ज्यू पनि उक्त भ्रमणमा जाने हुँदा भ्रमणमा जादा लाग्ने खर्च सम्बन्धित निकायले नबेहोरेमा उक्त खर्च रकम यसै नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

शसर्त अनुदान बजेट अन्तर्गत राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम अन्तर्गतका (संकेत नं. ११.४.२२.४८१४- सौर्य उर्जा प्रविधि जडान), (संकेत नं. ११.४.२२.४८१५- बायो ग्यास जडान) तथा (संकेत नं. ११.४.२२.४८१६- सुधारिएको चुलो (बायोमास) प्रविधि जडान) कार्यक्रमहरुलाई एक मुष्ठ गरी (संकेत नं. ११.४.२२.४८१४- सौर्य उर्जा प्रविधि जडान शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

**निर्णय नं. ६**

कपिलवस्तु नगरपालिका वडा नं. ३ अन्तर्गत अर्जुन चापागाईको घर देखि शम्भू शैनीको घर सम्म सडक निर्माण योजनाबाट बचेको रकमबाट बुद्ध ज्योती स्कुल अगाडी नहरको पूर्व तर्फ माया ज्ञवालीको घर अगाडीको सडक पि.सी.सी. ढलान तथा स्लोप नाली निर्माण योजनाको लगत अनुमान रकम रु. १ लाख भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

कपिलवस्तु नगरपालिकाको गेष्ट हाउसमा रहेको क्यान्टिन कोठा खाली रहेकोले उक्त कोठा सटरमा राजेश इलेक्ट्रिक सेन्टरले पसल संचालनको लागि राजेश कुमार उपाध्यायले यस नगर कार्यपालिकामा पेश गरेको निवेदन उपर छलफल गर्दा उक्त कोठा सटर मासिक रु. ८ हजार तथा नगर सभाको निर्णय र शर्तहरु बमोजिम सम्झौता गरि उक्त कोठा सटर राजेश कुमार उपाध्यायलाई भाडामा दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

कपिलवस्तु नगरपालिका वडा नं. ८ को लागि आ.व. ०७७/७८ मा स्वीकृत कार्यक्रम अनुसार शिर्षक नं. १०३६ पश्चिम मैनिहवा अन्तर्गत अधुरो नाली निर्माणको लागि विनियोजित रकम रु. ३ (तीन) लाख मध्येबाट सोही गाउँमा डाक्टर चमारको घर देखि चिन्नीलाल दर्जीको घर सम्म रु. २ (दुई) लाखको पि.सी.सी. ढलान, सोही गाउँमा बन्हु नाउँको घर देखि केतार कुर्मीको घर सम्मको लागि रु. १ (एक) लाखको पि.सी.सी. ढलान गर्ने योजना संशोधन गरी असारमा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

कपिलवस्तु नगरपालिकाको राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय कार्य व्यवस्थापन तथा संचालन गर्ने कार्यविधि २०७७ को परिच्छेद ४ को दफा ८(१) बमोजिम जनशक्ति एवम् स्रोत व्यवस्थापनको लागि समन्वय शाखामा काम गर्न यस कपिलवस्तु नगरपालिकाको अधिकृत छैठौं तहमा कार्यरत सूचना प्रविधि अधिकृत श्री शिवेन्द्र कुमार पासीलाई समन्वय शाखा प्रमुख तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

कपिलवस्तु नगरपालिकाको लागि सडक बोर्ड कार्यक्रम अन्तर्गत २०७६/०७७ को लागि स्वीकृत कार्यक्रम अनुसार सिकोटवा नहर देखि मालपारा जाने सडक मर्मत कालोपत्रे आयोजना उपभोक्ता समिति मार्फत संचालन गर्ने गरि रु. २४,७८,५८६ को लगत इस्टिमेट स्वीकृत भएकोमा मिति २०७६/०३/२९ मा उपभोक्ता समिति सँग सम्झौता भई कार्य प्रारम्भ भएकोमा उपभोक्त समितिको सहभागिता वापत रु. २२५३२६/- लागत सहभागिता रकम बैंकमा जम्मा हुनु पर्नेमा सम्झौता अवधीमा उक्त रकम जम्मा हुन नसकेको र हाल कार्य सम्पन्न भैसकेको अवस्थामा रकम रु. २२५३२६/- जम्मा नभए पनि लागत सहभागिता वापत प्राविधिक मूल्याँकनबाट उक्त रकम कट्टी गरिएको हुँदा भुक्तानीको लागि कपिलवस्तु नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय प्रमाणित

२०७८।११।१५

**निर्णय नं. ११**

**विविध समसामायिक विषयमा निर्णयहरु**

१. यस नगरपालिकाको आठौ नगरसभाबाट वडा नं.१ स्थित भवानी भिक्षु चोकमा प्रस्तावित स्वागतद्वार निर्माणको लागि यस नगरपालिकाको सार्वजनिक खरीद नियमावली २०७६ को नियम २३ को अनुसूची ८ को (ड.) अनुसार डिजाइन र निर्माण सम्झौता खरीद प्रक्रिया अपनाई उक्त गेटको निर्माण कार्य अगाडि बढाउन कार्य पालिकालाई निर्देशन दिने निर्णय गरियो ।

२. नेपाल सरकारको बजेट उप शीर्षक नं.८०१०५१०९ अर्न्तगत यस नगरपालिकाको लागि स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अर्न्तगत तपसील बमोजिमको वडाहरुमा तपसील बमोजिको स्थानहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण गर्ने निर्णय गरियो ।

| क.सं. | वडा नं. | स्थान | कि.नं. | प्रकार |
|---|---|---|---|---|
| १ | २ | बर्गदवा ४ ग | ५७३ | Type1 |
| २ | ४ | पिपरी ४ | ८८९ | Type1 |
| ३ | १० | ते.मा.फे. ८ क | १ | Type2 |

३. यस नगरपालिकाबाट वडा नं.२,४,१० को लागि प्रस्तावित आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवनहरु निर्माण यस आ.व.भित्र मात्र सम्पन्न हुन सक्ने अवस्था नदेखिएकोले सो भवनहरुको निर्माण कार्य अर्को आ.व.मा समेत संचालन गर्नु पर्ने भएको हुदां उक्त योजनाहरुको लागि पेश भई आएको बहुबर्षिय खरीद गुरु योजना स्वीकृत गर्ने निर्णय गरियो ।

४. यस नगरपालिकाको नगर प्रमुखबाट निकट भविष्यमै स्पेन देशको भ्रमण हुन लागेकोमा उक्त देशबाट लुम्बिनी कोरिडोर अर्न्तगत पर्ने पालिकाहरुबाट निष्कासन हुने Solid Waste सम्बन्धमा विवरण माग भएकोले यस नगरपालिका क्षेत्रभित्रबाट निश्किने फोहरको लागि Solid waste generation and Management सम्बन्धी अध्ययन यथा सम्भव छिटो प्रकिया अपनाई परामर्शदाताबाट गराउनको लागि कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५. यस नगरपालिकाको लागि सन २०१८ को जुलाई महिनामा Rural Infrastructure Developers Consultant(P) Ltd. JV Shakuwa Eng. Consultant बानेश्वर,काठमाडौंबाट तयार भएको नगर यातायात गुरुयोजना (MTMP) लाई हाल नगरपालिकाको सडक मापदण्ड तयार गरी लागु गर्नको लागि थप परिमार्जन गराउन आवश्यक देखिएकोले परिमार्जनको लागि सोही परामर्शदाताबाट गराउनको लागि कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

६. नेपाल अपाँग महिला संघले यस नगरपालिकामा हिँसा विरुद्ध समावेशी साझेदारी परियोजना संचालन तथा नागरिक स्वरोजगार केन्द्र प्रा.लि. रुपन्देहीले यस नगरपालिकाका सबै वडामा १ दिने अगरबत्ती तथा मच्छर धूप र साबुन बनाउने तालिम संचालनको अनुमती माग गरेको सन्दर्भमा उक्त दुवै संस्थाहरुलाई कार्यक्रम संचालनको अनुमति दिने निर्णय गरियो ।

७. यस नगरपालिका अन्तर्गत लगाइएको बसपार्क तथा हाट बजारको ठेक्कामा ठेकेदारसँग गरिएको सम्झौता अवधी सकिएको र यस आ.व. मा २०७७/०७८ असार सम्म जम्मा ३/४ महिनाको लागि ठेक्का बन्दोवस्त गर्न अव्यवहारिक तथा झन्झटिलो हुने हुँदा आ.व. २०७६/०७७ मा लगाइएको न्यूनतम रकमलाई आधार मानी सोही रकमलाई २०७८ मसान्त सम्मको दिनको दामासाहीले हिसाब गरी हुन आउने रकम निजहरुलाई बुझाउन लगाइ २०७८ असार मसान्त सम्म तत् तत् ठेकेदारसँग सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

२०७७/११/१४